# नेपालगञ्ज उप-महानगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

नेपालगंज, बाँके

## वाटरपार्क सञ्चालनको ठेक्का सम्वन्धी दरभाउपत्र फारम

१.वाटरपार्क ठेक्का भन्नाले नेपालगञ्ज उपमहानगरपालिका अन्तर्गत वडा नं.१ स्थित वाटरपार्क ( बोटिङ्ग,माछापालन र क्यान्टिन) सञ्चालन ठेक्का भन्ने बुझिनेछ ।

१. दरभाउपत्र फारम मिति २०७७/०४/०८ गते दिनको १२:०० बजेसम्म नेपालगञ्ज उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा दाखिला गरि सक्नुपर्नेछ। जसको नाममा दरभाउपत्र फाराम खरिद गरिएको हो, सोही नाममा दरभाउपत्र दाखिला हुनु पर्नेछ। साथै दर्ता हुन आएका दरभाउपत्रहरु सोही दिनको १:०० बजे प्रतिनिधिको रोहवरमा नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा खोलिने छ। दरभाउपत्र खोल्ने समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने र खोल्ने दिन बिदा परे त्यसपछि कार्यालय खुलेको दिन तोकिएको समयमा खरिद गर्ने र सोको भोलीपल्ट दाखिला गर्ने तथा खोल्ने कार्य हुनेछ।

२. दरभाउपत्र खाम बाहिर **वाटरपार्क सञ्चालन सम्बन्धी दरभाउपत्र फारम** भनि उल्लेख गरी लाहाछाप लगाई सोको संख्या र चिन्ह समेत उल्लेख गर्नु पर्नेछ।

३. रीत नपुगेको, म्याद नाघी आएको र शर्त राखिएको दरभाउपत्र उपर कारवाही गरिनेछैन।

४. अधिकार प्राप्त अधिकारीको हस्ताक्षर नभएको र नेपालगञ्ज उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको छाप नलागेको दरभाउपत्र फारमलाई मान्यता दिइने छैन ।

५. ठेक्का अवधि १० वर्षको हुनेछ, प्रत्येक वर्ष कवोल अंकको ५ प्रतिशतले ठेक्कारकम वृद्धि हुदैजानेछ, कवोल अंक रकम प्रत्येक ६/६ महिनामा सम्झौता हुनुअघि नै बुझाउनुपर्नेछ, एकमुष्ठ बार्षिक रकम अग्रिम बुझाएमा ठेक्का रकमको १० प्रतिशत छुट दिईनेछ।

६. तोकेको समयमा रकम नबुझाएमा ३ महिनासम्मको बार्षिक १० प्रतिशतका दरले व्याज/हर्जाना लगाईनेछ र ३ महिनासमेत नाघेमा सम्झौता स्वत: भंग हुनेछ।

७. कवोल अंकको १३ प्रतिशत मूल्य अभिवृद्धिकर अनिवार्य बुझाउनुपर्नेछ।

८. ठेक्काको न्यूनतम बार्षिक अंक मूल्य अभिवृद्धिकर वाहेक रु.१९,५१,०००।-(अक्षरुपी रु.उन्नाइस लाख एकाउन्न हजार मात्र ।)रहनेछ।

९. दरभाउपत्रदाताले दरभाउपत्र साथ धरौटी रकम रु.५८,५००।- (अक्षरुपी अन्ठाउन्न हजार पाँच सय मात्र ।)नेपालगञ्ज उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय नेपालगञ्जको नाममा राष्ट्रिय वाणिज्य बैंक धम्वोझी, नेपालगञ्ज शाखामा रहेको धरौटी खाता नं.ग-३-४१३००३०३०००००२ मा जम्मा गरेको सक्कलै बैंकभौचर पेश गर्नुपर्नेछ।

११.दरभाउपत्र स्वीकृत भएपछि परफरमेन्स वण्ड वापत दरभाउपत्रदाताले कबोल गरेको अंकको **५%** ले हुने रकम तथा ठेक्का कवोल अंकको तीन महिनाले हुन आउने रकम उल्लेखित धरौटी खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयका पक्षमा न्यूनतम कार्य सम्पन्न गर्नु पर्ने अन्तिम अवधि भन्दा कम्तिमा १५ महिना बढीको म्याद राखी जारी गरेको बैंक अथवा वित्तिय संस्थाबाट जारी जमानीपत्र पेश गर्नु पर्नेछ।

१२.नियमानुसार लाग्ने अन्य सम्पुर्ण कर तथा शुल्कहरु समेत दरभाउपत्रदाता स्वयंले नै व्यहोर्नु/बुझाउनु पर्नेछ।

१०. सम्झौता मान्य रहेको अवधिभर वाटरपार्कमा बोटिङ्ग शूल्क,क्यान्टिन सञ्चालन तथा माछापालनबाट प्राप्त हुने आम्दानी नेपालगञ्ज उपमहानगरपालिकाले तोके बमोजिमको दररेटमा नबढ्ने गरी उठाउने अधिकार संचालकको हुनेछ ।

११. बोटिङ्ग शूल्कका दरहरु (मूल्य अभिवृद्धिकर सहित) देहाय बमोजिम निर्धारण गरिएको छ :-

क) १ राउण्डको प्रतिब्यक्ति रु.४०।–

ख) १ घण्टाको प्रतिब्यक्ति रु.८०।-

ग) हरेक ३/३ वर्षमा नेपालगन्ज उप–महानगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम बोटिङ्ग शूल्क परिमार्जन भएमा सोही बमोजिम हुनेछ ।

घ) अन्य नियमहरु सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४ र प्रचलित कानून बमोजिम हुनेछ ।

१२. संचालकले उल्लेख गरिए बमोजिम लिईने शुल्क, आम्दानी बाहेक अन्य कुनैपनि प्रकारका शुल्कहरु लिन पाइने छैन ।

१३. तोकिएका दररेटहरु घटाउने/बढाउने/परिमार्जन वा सरलीकरण गर्ने सम्पुर्ण अधिकार नेपालगञ्ज उप महानगरपालिकामा रहने छ । तर दररेटको परिमार्जनबाट ठेक्कामा पर्न जाने अनुकुल, प्रतिकुल प्रभावलाई मुल्याङ्कन गरी सहमतिमा ठेक्का अंकमा मिलान गर्न सकिनेछ ।

१४. सम्झौता बमोजिम वाटरपार्क सञ्चालन गर्न ठेक्का बन्दोवस्त गर्ने संचालकलाई कुनै किसिमबाट बाधा व्यवधान हुने/पर्ने गरी नेपालगञ्ज उप महानगरपालिकाबाट निर्देशन वा हस्तक्षेप गरिनेछैन । तर, सम्झौता अनुरुप कार्य नगरेको अवस्थामा दिएको निर्देशनलाई बाधा ब्यावधान गरेको मानिनेछैन । संचालकको कार्यमा बाधा नपर्नेगरी जुनसुकै समयमा निरिक्षण गर्न सकिनेछ । निरिक्षणमा आवश्यक सहयोग पुऱ्याउनु संचालकको कर्तव्य हुनेछ ।

१५. कुनै विवाद वा समस्या पर्न आएमा असर परेको पक्षले अर्को पक्षलाई लिखित सूचना दिई समाधानका लागि पहल गर्नु पर्नेछ । तर समस्या वा विवाद उत्पन्न भएकै कारण, अवस्था र समयलाई ठेक्का बदर भएको र जिम्मेवारी नरहेको अवस्था वा अवधी मानिने छैन ।

१६. प्रचलित कानून विपरित ठहरिने कुनै पनि कार्य गर्न/गराउन पाइने छैन ।

१७. दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार नेपालगञ्ज उपमहानगरपालिकामा सुरक्षित रहनेछ ।

१८. अन्य कुराहरु नेपालगञ्ज उपमहानगरपालिकाको निर्णय एवं प्रचलित ऐन बमोजिम हुनेछ ।

**१९. दरभाउपत्रदाताले नेपालगञ्ज उप महानगरपालिका लाई बुझाउन कबोल गरेको वार्षिक कवोल अंक (मूल्य अभिवृद्धिकर वाहेक)**

अंकमा : रु. ..............................................

अक्षरमा : रु. .......................................................

(दरभाउपत्रदाताले भरेको अंक र अक्षरमा फरकपरेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।)

२०. दरभाउपत्र दाताले राखेको धरौटी रकम:

अंकमा : रु. ..............................................

अक्षरमा : रु. .......................................................

माथि उल्लेखित सम्पुर्ण शर्त नियम तथा प्रावधानहरु र मिति २०७७/०३/२४ गतेको सदभाव र लोकप्रिय राष्ट्रिय दैनिकमा प्रकाशित सूचना समेत पढी बुझि सोही परिधिभित्र रही वाटरपार्क ठेक्का सम्बन्धी कार्य गर्न मञ्जुर गरी यो बोलपत्र फाराम भरी पेश गरेको छु ।

दरभाउपत्रपत्रदाता व्यक्ति/फर्म/कम्पनीको नाम :
व्यक्ति/फर्म/कम्पनीको ठेगाना :

संचालकको नाम :

संचालकको स्थायी ठेगाना :

सम्पर्क ठेगाना र फोन नं. :

ना.प्र.नं. :

पिता/पतिको नाम :

सहिछाप :

अधिकार प्राप्त व्यक्ति भएमा
नाम थर :

स्थायी ठेगाना :

(सम्पर्क) ठेगाना :

ना.प्र.नं. :

फोन नं. :

सहि छाप :

इति सम्बत् २०७७ साल ................ महिना ......... गते रोज ........ शुभम् ।